नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)
रुपन्देही

☎ प्र.जि.अ.५७०१५९
ना. ५७१०५३
मु. ५७११५८
प्र. ५७३११५
प्र.जि.अ.नि. ५७०३७०

Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.n

पत्र संख्या : प्र./०८०/०८१
च.नं. :- १०३६८

मिति २०८१/०२/०६

विषय :- घटना दर्ता संशोधनमा सहजीकरण सम्बन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
तिलोत्तमा नगरपालिका, नगरकायपालिकाको कार्यालय, रुपन्देही ।

प्रस्तुत विषयमा स्थानीय तहमा घटना दर्ता गर्ने क्रममा मानवीय त्रुटी तथा कतिपय प्राविधिक कारण समेतबाट फरक विवरण उल्लेख हुन गएका कारण नागरिकता जारी गर्न समस्या भई जिल्लाबासी नागरिकहरुले कठिनाई भोग्नु परेको सन्दर्भमा लेखिदैछ । यसै सन्दर्भलाई मिल्ने व्यहोरा उल्लेख गर्दै स-साना त्रुटीहरु सच्चाई दिने विषयमा यस पूर्व राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागबाट पटक-पटक परिपत्रहरु भएका पनि छन् । त्यस्ता परिपत्रहरुमा प्रयुक्त शब्दावली बारेको बुझाईको बेमेलका कारणले यथार्थपरक कार्यान्वयन हुन नसकिरहेको अवस्था समेत जगजाहेर नै छ । तसर्थ, विभागबाट मिति २०७९/०७/३० मा भएको परिपत्र को बुँदा नं. ११ मा रहेको प्रावधानको विवेकसम्मत व्याख्या एवं कार्यान्वयन गरी घटना दर्ता विवरण प्रविष्टी र स्वीकृतीसँग सम्बन्धित जटिलता फुकाउने तर्फ सहजीकरण, निर्देशन एवं समन्वय हुन तहाँ पालिकाको वडा नं. १७ निवासी विपिका नेपालले यस कार्यालयमा पेश गरेको निवेदन यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ

श्री प्रमुख प्रशासकिय अधिकृतज्यूहरु,
जिल्ला स्थित सम्पूर्ण पालिका । :- माथि उल्लेखित तथ्यमा आवश्यक सूचना संप्रेषण, प्रशिक्षण एवं सहजीकरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।
श्री राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग,
काठमाण्डौं ।

(गणेश अर्याल)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

मिति २०७९।०७।३०

विषय : घटना दर्ता गर्ने स्पष्टता सम्बन्धमा ।

श्री स्थानीय पञ्जिकाधिकारी सबै (६७४३ वडा) ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १७(१) ले केन्द्रिय पञ्जिकाधिकारी (रजिष्ट्रार) र १७(२) ले स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) को रुपमा कार्य गर्ने जिम्मेवारी सुम्पेको विदितै छ ।

सोही अनुसार सबै वडा कार्यालयहरुमा जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद दर्ताको कार्य हुँदै आएको छ । तथापी निम्न अवस्थाहरुमा कतिपय स्थानीय पञ्जिकाधिकारीले गर्नुपर्ने दर्ता नगरिदिएको भनी सहजीकरण गरिदिन विभागमा अनुरोध भई आएको हुँदा देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशित गरिएको छ ।

निम्न :

१. नेपालको संविधानको धारा ३९ मा प्रत्येक वालवालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक सुनिश्चित गरिएको र सो सम्बन्धमा २०७५ भदौ १ गते पछिका बहु विवाह र वाल विवाह स्वत: बदर हुने भएकाले सो दर्ता नगर्ने तर स्वत: बदर हुने/बदरयोग्य विवाहको परिणामबाट जन्मेको बच्चाको जन्म दर्ता आवश्यक प्रक्रिया पुर्याई गरिदिने ।

२. एकल महिलावाट जन्मेका वच्चाको स्थायी ठेगाना राख्दा बाबुको नाम ठेगाना पत्ता नलागेको यकिन गरी आमाको थर र स्थायी ठेगाना राखी घटना दर्ता गर्ने गराउने । यदि बच्चा मावलीमा वसेको छ र निजको आमा/बुवा/घर पट्टीका कुनै परिवार नभएको प्रमाणित भएमा मावलीकै ठेगाना राखेर वडा अध्यक्ष सूचक भई जन्म दर्ता गरिदिने ।

३. नेपालस्थित अदालतहरुवाट फैसला/आदेश/पत्रवाट पिता-सन्तान नाता कायम भएको अवस्थामा अदालतको फैसला संलग्न राखी आधिकारिक सूचकको सूचनाका आधारमा बुवाको महलमा वुवाको नाम राखी जन्म दर्ता गरिदिने ।

४. विदेशी र नेपाली नागरिकवीच विदेशमा भएको विवाह दर्ता गर्नु परेमा विवाह भएको मुलुकको प्रचलित कानून बमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सूलर सेवा विभाग वा नेपालस्थित सम्वन्धित मुलुकको कुटनीतिक नियोग वा सम्वन्धित मुलुकमा रहेको नेपाली नियोगबाट भएको प्रमाणीकरण सहित नियमानुसार सूचना दिएमा आवश्यक प्रक्रिया पुरा गरी विवाह दर्ता गरिदिने



Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७९/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

तर नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको विवाहको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावलीको नियम १६(६) बमोजिम गरिदिने । साथै, नेपालमा रहेका विभिन्न कूटनीतिक नियोगवाट प्रमाणित भएका विदेशी नागरिकहरुको विवाह आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित कुटनीतिक नियोग रहेको वडाले दुवै जनाको उपस्थितिमा राख्नु पर्ने कागजात राखी दर्ता गरिदिने ।

५. नेपालस्थित अदालतहरुवाट पति पत्नी नाता कायम गरी फैसला/आदेश भएमा वा अदालतको पत्रवाट विवाह कायम भएमा दर्ता विवाह सरह मान्यता दिई विवाह दर्ता गरिदिने ।

६. नेपाली महिला र विदेशी पुरुषबीच नेपालमा भएको विवाह दर्ता गर्नु परेमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७७ बमोजिमको दर्ता विवाहको प्रमाणपत्रका आधारमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को नियम १८ वमोजिम नेपाली महिलाको स्थायी ठेगानामा वा विवाह भएको वडाले विवाह दर्ता गरिदिने । पुरुषको स्थायी ठेगाना सम्वन्धित देशकै राख्ने ।

७. मुलुकी देवानी संहिता, २०७४ को दफा ८३(ग) बमोजिम पति वा पत्नीले कानून बमोजिम अंशवण्डा/न्यायिक पृथकीकरण गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्ने व्यवस्था भएकाले कुनै पुरुष वा महिलाले अदालतबाट अंशवण्डा गरिएको आदेश सहित दोस्रो विवाह दर्ता गर्न आएमा अन्य आवश्यक कागजात सहित अदालतको उक्त आदेश राखी विवाह दर्ता गरिदिने ।

८. कुनै व्यक्तिको घटना दर्ता गर्दा पात्रोमा सो महिनामा नभएको दिन राखि घटना दर्ता गरिएको भएमा प्रतिलिपि जारी गर्दा उक्त महिनाको अन्तिम दिन राखि प्रतिलिपि जारी गर्ने (उदाहरणको लागि कुनै व्यक्तिको जन्म दर्ता प्रमाणपत्रमा जन्म भएको मिति वि.सं. २०५०/१०/३१ राखिएकोमा २०५० सालको माघमा ३० दिन मात्रै भएकाले निजको माग अनुसार जन्म मिति २०५०/१०/३० गते कायम गरी प्रतिलिपि जारी गर्ने)।

९. कुनै स्थानीय तहवाट वसाई सराइको लगत हस्तान्तरण गरी गएका तर बसाई सरी आएको स्थानीय तहले मनासिव कारण सहित वसाई सराइ दर्ता नगरेको र पहिलेकै स्थानमा फिर्ता भई निवेदन पेश गरेमा सो लगत हस्तान्तरण जारी गर्ने स्थानीय पञ्जिकाधिकारीले बसाई सराइ भए नभएको यकिन गरी प्रणालीमा लगत हस्तान्तरण निष्कृय गरिदिने ।



Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०८१/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६६०

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :..........................

१०. कतिपय स्थानीय तहले निर्णय गरी व्यक्तिगत घटना दर्ता शुल्क निर्धारण गरेकोमा सो सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा १८ अनुसार गर्ने र ऐनको दफा १८(१) वा (२) मा उल्लिखित अवधि समाप्त भएपछि व्यक्तिगत घटना दर्ता गर्न आएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को अनुसूची - ३ अनुसार मात्र विलम्व शुल्क लिने । नक्कल प्रमाणपत्रको दस्तुर पनि सोही अनुसूची अनुसार लिने ।

११. व्यक्तिगत घटना दर्ता प्रमाण पत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तै : "कुमारी, देवी, वहादुर, प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा ईकार, उकार, थर, spelling लगायतमा सामान्य त्रुटी भएमा त्यस्को पुष्टि हुने कागज प्रमाण संलग्न गरी सच्याई दिने ।

१२. दलित बालवालिकाको जन्म दर्ता गर्दा सूचकले बालवालिकाको थरमा वाबु आमाको थरभन्दा फरक थर उल्लेख गरी जन्म दर्ता गराउन चाहेमा राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित दलित जातीय अनुसूची विवरणमा उल्लेख भएका सम्बन्धित दलित जातीभित्रको थरहरु मध्येबाट सूचना फाराममा उल्लेख गरिए अनुसारको थर राखी जन्म दर्ता गरिदिने ।

१३. घटना घटेको स्थान, मिति र घटनासँग सम्बन्धित व्यक्ति पुष्टयाई हुने यथार्थ विवरण यकिन गरेर मात्रै व्यक्तिगत घटना दर्ता गर्ने ।

८१/६/२०

तिर्थराज भट्टराई
(महानिर्देशक)
महानिर्देशक

अवगतार्थ :

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय ।

बोधार्थ/कार्यार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

श्री इलाका प्रशासन कार्यालय, सबै ।

श्री सीमा प्रशासन कार्यालय, सबै ।



Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np